मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चन्द्रोदय माविको अध्यक्षमा मैनाली

हेटौंडा, १५ चैत/हेटौंडा उपमहानगरपालिका-८ बहादुरगञ्जमा रहेको चन्द्रोदय माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा इवाकर मैनाली चयन भएका छन् । व्यवस्थापन समितिमा मनोनितमध्येका ज्येष्ठसदस्य कृष्णप्रसाद अर्जेलको अध्यक्षतामा बसेको बैठकले मैनालीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको प्रधानाध्यापक तथा समितिका सदस्यसचिव जिधराज ढकालले बताए । अध्यक्षमा चयन भएका मैनालीले विद्यालयलाई व्यवस्थित बनाउँदै शैक्षिक गुणस्तर सुधारमा आफ्नो भूमिका रहने बताए । व्यवस्थापन बैठकले दुर्गा अधिकारीलाई सदस्यमा मनोनित गरेको थियो । यसअघि हेटौंडा उपमहानगरपालिका शिक्षा शाखाका अधिकृत रामचन्द्र खड्काको अध्यक्षतामा भएको भेलाले व्यवस्थापन समितिको सदस्यमा रामप्रसाद देवकोटा, कृष्णप्रसाद अर्जेल, ज्योति केसी र रीता श्रेष्ठलाई मनोनित गरेको थियो । बैठकमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ का अध्यक्ष रामकृष्ण थापाको उपस्थिति रहेको थियो ।

## जग्गा फिर्ता माग्दै साढे चार महिनादेखि धर्ना

साझाकुरा संवाददाता

हेटौडा, १५ चैत/२५ वर्ष अगाडि दृष्टिबन्धक राखेको जग्गा फिर्ता माग्दै हेटौंडाका एक प्रतिष्ठित व्यवसायीविरुद्ध एक सय ३४ दिनदेखि धर्ना जारी छ ।

आफू र आफ्नो बाबु पदमलाल सुनारलाई जालझेल गरेर जग्गा राजीनामापत्रमा हस्ताक्षर गराएको भन्दै हेटौंडाका जगतबहादुर सुनार बुद्धचोक नजिक उत्तरतर्फ धर्ना बसिरहेका छन् । साढे ४ महिनादेखि सुनार व्यवसायी नियमराज शाक्यविरुद्ध उनकै घर अगाडि कालो ब्यानर बोकेर न्यान माग गर्दै धर्नामा बसिरहेका हुन् । उनको धर्नामा राजनीतिक दलदेखि नागरिक समाजले पनि ऐक्यबद्धता जनाउँदै आएको छ । पीडित सुनारले २०५४ साल १ वैशाखमा व्यवसायी शाक्यको बाबुले ५० हजार रुपैयाँ ऋणको बदलामा ११ कठ्ठा १६ धुर जग्गा राजीनामा गराएको भन्दै जग्गा फिर्ताको माग गरिरहेका हुन् ।

बुधवार सुनारको जग्गा फिर्ती आन्दोलनमा राजनीतिक दलदेखि नागरिक समाजको ठूलो संख्यामा उपस्थिति रहेको थियो । व्यवसायी शाक्यको घर अगाडि भएको धर्नामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), मोहन वैध नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, नेकपा माले, नेकपा (एकीकृत समाजवादी)लगायतका राजनीतिक दलले ऐक्यबद्धता जनाएका थिए । नागरिक समाजकातर्फबाट बोल्दै रामशरण कार्कीले व्यवसायी शाक्यलाई जग्गा फिर्ता नगरे राम्रो नहुने चेतावनी पनि थिए । दलदेखि नागरिक समाज सुनारको पक्षमा रहेको भन्दै




जग्गा फिर्ता गर्नुपर्नेमा उनीहरुले जोड दिएका थिए ।

सुनार र शाक्यबीचको विवाद पुरानै हो । हेटौंडा उपमहानगरपालिका-१३, पवित्र टोलमा रहेको ११ कठ्ठा १६ धुर जग्गा हडपेको सुनारको आरोप छ । आफ्नो बाबुको नाममा रहेको जग्गा राखेर व्यवसायी शाक्यबाट ५० हजार रुपैंयाँ ऋण लिएका थिए । दृष्टिबन्धक रोक्का राख्ने भनिएको अवस्थामा जग्गा राजीनामा लिखत गरी जग्गा खाइदिएको सुनारको आरोप छ । उनले जग्गा दृष्टिबन्धक गराउँदा राजीनामा लिखितमा झुक्याएर हस्ताक्षर गराएको भनाई छ । उक्त मुद्दा अदालतमा चल्दै आएको छ । ८ महिनाअघि दायर मुद्दामा पीडक पक्षले जग्गा खरिद गरेर लिएको दाबी गरेका छन् । शाक्यले सुनारलाई जालझेल गरेको देखिएको र जग्गा दृष्टिबन्धकको नाममा अरुको पैतृक सम्पत्तिमा नजर लगाउन नमिल्ने भएकाले न्याय गरिनुपर्ने धर्नामा ऐक्यबद्धता जनाउँदै आएका विशालराज महत बताउँछन् ।

सुनारले जग्गा फिर्ता दिलाइदिन जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारसमक्ष माग गर्दै आएका छन् । तर, सम्बन्धित निकायले कुनै चासो दिएको छैन । ४ महिनाअघि शाक्य र सुनारबीच जिल्ला प्रहरी कार्यालयमा छलफल भएको थियो । उक्त छलफलमा शाक्यले जग्गा फिर्ता गर्ने मौखिक सहमति जनाए पनि फिर्ता नगरेको सुनारले गुनासो गरे । जग्गा फिर्ता गर्ने सहमति गरेर पनि कार्यान्वयन नगरेको भन्दै आफू धर्ना बस्न बाध्य भएको उनको भनाई छ ।

'शाक्यले अनपढ बुवालाई झुक्याई राजीनामाको लिखत लेखी/लेखाई बुवालाई बिश्वास दिलाई पछि रकम बुझीलिएका बखत जग्गा फकुवा गर्नेछु भनि बिश्वासमा पारी उक्त जग्गा दृष्टिबन्धक भनि राजीनामा लिखत गरी राखेको अवस्थामा रहेको,' पीडित सुनारले सरोकावाला निकायमा दिएको पत्रमा भनिएको छ ।

उनका बाबु पदमलाल सुनारको २०६३ सालमा मृत्यु भइसकेको छ । पीडक भनिएका शाक्यको बुवाले जग्गा राजीनामा गरेर लिएको र उनको पनि मृत्यु भइसकेको जनाइएको छ । शाक्यले मालपोत कार्यालयमा गई एकपटक राजीनामाको लिखत लेखाईसके पश्चात रकम बुझीलिई जग्गा फिर्ता गर्नुपर्नेमा पछि ब्याजको बिषयमा बिवाद गरी मोठ रोक्का भिडाई जग्गा भने फिर्ता नदिई गएको पीडित सुनारको भनाई छ । ५० हजार ऋण ५ वर्षमा सावा र ब्याज गरी २ लाख हुन पुगेको र ३० हजार पैसा नपुग्दा पछि दिन्छु भनेको अवस्थामा शाक्यले राजीनामा गराई जग्गा हडपेको सुनारको आरोप छ ।

पीडित सुनारका बाबु पदमलालले शाक्यकै घरमा सुन पसल व्यवसाय सञ्चालन गर्दै आएका थिए । सुनारले आफ्नो जग्गा शाक्यको नाममा रहेको २०५९ सालमा थाहा पाएको बताए । 'जसको घरमा वर्षौं सुन पसल राखेर व्यवसाय गरे । विश्वासमा काम गर्‍यौं । उसैले विश्वासघात गर्‍यो,' सुनारले भने । 'जग्गा शाक्यको नाममा गएको भनेर थाहा पाएपछि हामी बाबुछोरा २०५९ सालमै शाक्यलाई भेट्न उनकै घरमा धेरैपटक गयौ । तर, उनले आफूले खरिद गरेको भन्दै हप्काएर हामीलाई थर्काए', सुनारले भने- '२०६३ सालसम्म हामी बाबुछोरा जग्गा फिर्ता गर्न रकम चुक्ता गर्न पटक पटक प्रयास गर्‍यौं । सोही वर्ष बुबाको निधन पनि भयो ।', उनले ०६३ सालमै शाक्यले मालपोत कार्यालयमा गएर राजीनामाको लिखत लेखाईसकेपछि रकम बुझ्नुपर्नेमा ब्याजको विषयमा विवाद गर्दै जग्गा फिर्ता नगरी फर्किएको बताए ।

उनले आफ्नो परिवारले उक्त जग्गा २०२२ सालदेखि निरन्तर खेती गर्दै आएको बताए । उनले सम्मानपूर्वक बाच्न पाउने, सम्पतीको आर्जन, भोग र संरक्षण गर्न पाउने हक प्रत्येक नेपाली नागरिकलाई संविधानले नै प्रत्याभूत गरेको अवस्थामा आफू र परिवारको शान्तिसुरक्षाको माग समेत गरे ।

## साँझ हेटौंडाको मुख्यबजार अशान्त

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/प्रहरीकै भ्यानले दुईवटा मोटरसाइकललाई ठक्कर दिएपछि बुधवार साँझ हेटौंडाको मुख्यबजार अशान्त बन्न पुगेको छ ।

हेटौंडा उपमहानगर पालिकाको बुद्धचोकदेखि जिल्ला प्रहरी कार्यालय साँझ ७ बजेपछि १० बजेसम्म अशान्त बनेको थियो । १ नम्बर वडास्थित व्यस्त बजार राप्तिरोडमा प्रहरी भ्यानले बा प्र ०३-००५ प ३०७६ र ना ४९ प ११९ नम्बरका दुईवटा मोटरसाइकललाई ठक्कर दिएर भागेपछि आक्रोशित भिडले प्रहरी कार्यालय घेराउदेखि प्रहरी प्रशासनविरुद्ध नारावाजी गरेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी भ्यानले दुईवटा मोटरसाइकललाई ठक्कर दिएर बुधवार दिउसो साँझ ७ बजेको समयमा भागेको हो ।



प्रहरी भ्यानको ठक्करबाट हेटौंडा-५, गर्दोइका ४९ वर्षीय सुरेशराज बज्राचार्य र हेटौंडा-५, पिप्लेका ४५ वर्षीय मधु अर्याल घाइते भएको बुझिएको छ । चिकित्सकका अनुसार समाचार तयार पार्दासम्म उनीहरुको अवस्था मध्यम रहेको जनाइएको छ । घाइते बज्राचार्यको हेटौंडा अस्पतालमा उपचार भइरहेको र अर्यालको हेटौंडा अर्थोपेडिक अस्पतालमा उपचार भएको थियो । अन्य सवारीसाधनलाई ठक्कर दिएर भाग्नेलाई समाउने पर्ने प्रहरी नै भागेपछि न्याय खोज्न कहाँ जाने भन्दै स्थानीयबासी प्रहरी कार्यालय घेराउका लागि पुगेका हुन् । सयौंको संख्यामा रहेका आक्रोशित स्थानीयले जिल्ला प्रहरी कार्यालय घेराउ गरेका थिए ।

हेटौंडास्थित पूर्व-पश्चिम राजमार्ग अबरुद्ध गरिएको थियो । राजमार्ग अवरुद्ध केही समय पश्चात प्रहरीले खोलेको थियो । जिल्ला प्रहरी कार्यालयसँग जोडिएको राजमार्गमा मालबाहकदेखि यात्रुबाहक सवारी साधन रोकिएका थिए । प्रहरी भ्यानका चालकले मादकपदार्थ सेवन गरेको आशंका आन्दोलनरत स्थानीयको छ । प्रहरी भ्यान तीव्र गतिमा रहेको स्थानीय प्रत्यक्षदर्शीले जानकारी दिएका छन् । जिप्रकाले बाक्लो संख्यामा प्रहरी परिचालन गरेको थियो । घटनाका सम्बन्धमा आधिकारिक जानकारी आउन सकेको छैन । मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले घटना बारे अनुसन्धान गरेर दोषीलाई कारबाही गरिने बताए ।

## मोटरसाइकलको ठक्करबाट स्याङतानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/पैदल हिँडिरहेको अवस्थामा मोटरसाइकलको ठक्करबाट मकवानपुरका ५० बर्षीय दिलबहादुर स्याङतानको मृत्यु भएको छ ।

जिल्लाको पूर्वीक्षेत्र बागमती गाउँपालिकामा बुधबार बिहान मोटरसाइकलले ठ्क्कर दिँदा पैदलयात्री स्याङ्तानको मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । मृत्यु हुनेमा बागमती-८, खजुरीदमार बस्ने ५० बर्षीय दिल बहादुर स्याङतान रहेको जिल्ला प्रहरी कार्यलय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जनाकारी दिए । प्रहरीका अनुसार, बिहान बागमती गाउँपालिका-८, साततले राजबास पुलस्थित हेटौंडा-फापरबारी सडकखण्डमा फापरबारीबाट हेटौंडातर्फ आउँदै गरेको बा २५ प १९०८ नम्वरको मोटरसाइकलले ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए ।

मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका उनलाई उपचारको लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा चिकित्कले मृत घोषणा गरेको प्रहरी नायवउपरीक्षक कार्कीले बताए । ठक्कर दिने मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको छ भने मोटरसाइकल चालक हाल फरार छन् । उनको खोजीकार्य भइरहेको र घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरी नायव उपरीक्षक कार्कीले बताए ।

## मोडेल अस्पतालमा अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/हेटौंडा उपमहानगरपालिका वडा नम्वर १ स्थित मोडेल अस्पतालमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा अनुगमन गरिएको छ ।

प्रशासनको नेतृत्वमा विषयगत कार्यालयका प्रतिनिधि सम्मिलित टोलीले अस्पतालको अनुगमन गरेको हो । अस्पतालको प्रयोगशाला, फिजियोथेरापी, इमर्जेन्सी, शल्यक्रिया थिएटर, उच्च संवेदनशील कक्ष, आइसीयु, जनरल वार्ड निरीक्षण गरिएको थियो । अनुगमनको क्रममा निजी स्वास्थ संस्था एकीकृत अनुगमन चेक लिस्टमा भएअनुसार महिला र पुरुषलाई छुट्टै शौचालय, नार्कोटिन औषधि बिक्री गर्ने व्यवस्था, कम्तीमा १० प्रतिशत विपन्नलाई नि:शुल्क उपचारको योजना, सूचना अधिकारीको व्यवस्था, सेवासँग सम्बन्धित ऐन नियमावली, ऐम्बुलेन्सको व्यवस्था नरहेको पाइएको जिप्रका मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले जानकारी दिए ।

त्यस्तै, फार्मेसीको प्रमाणपत्र सच्याउनुपर्ने, म्याद सकिएको औषधि फिर्ता गर्नुपर्ने, सी ग्रेडको ल्याबमा प्रयोगशाला संचालन गर्दा नियमबमोजिम न्यूनतम जनशक्ति राख्नुपर्ने, प्रयोगशाला शाखामा फोहोर व्यवस्थापन गर्नुपर्ने, रेफ्रिजेरेटर टेम्प्रेचर चेकलिस्ट राख्ने, हट एयर मिटर राख्ने, अटोमेटिक मेसिन संचालनका लागि एसी २४ घण्टा नियमित संचालन गर्नुपर्ने जस्ता व्यवस्था नरहेको पाइएको र अनुगमन टोलीले ती अस्पताललाई सबै व्यवस्थाहरु सच्याउनु निर्देशन दिएको छ । प्रशासनले केही दिनअघि मकवानपुर सहकारी अस्पताल, सिटी अस्पताल र सन्चो अस्पतालको अनुगमन गरेको थियो ।

## हिमालयन शेर्पासँग मकवानपुर स्तब्ध

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/सिमरामा जारी जगदम्बा १३ औं जीतपुरसिमरा गोल्डकपको पहिलो सेमिफाइनलमा मकवानपुर-११ ए डिभिजन क्लब हिमालयन शेर्पासँग पराजित भएको छ ।

बुधबार साँझ सिमरा रंगशालामा भएको सेमिफाइनलमा मकवानपुरलाई ०-३ गोल अन्तरले हराउँदै हिमालयन शेर्पा उपाधि नजिक पुगेको छ । हिमालयनशेर्पाले खेलको २९ औं मिनटमा सुशील राईको गोलबाट अग्रता लिएको थियो । अव्योमीको पासमा सुशीलले पेनाल्टी एरियाबाट गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । शेर्पाको डिएरियाबाट बल खोस्दै काउण्टर मुभ बनाएका अब्योमी र सुशीलको आकर्षक तालमेलमा पहिलो हाफमा शेर्पाको अग्रता सम्भव भयो । हिमालयन शेर्पाको जीतमा म्यान अफ दी म्याच निशान लिम्बु नायक बने ।

खेलको ७४ औं मिनेटमा कप्तान विश्वास श्रेष्ठको ठाउँमा मैदान प्रवेश गरेका निशानले दुई गोल गरे । खेलको ८७ औं मिनेटमा मिलन राईको पासलाई गोलमा परिणत गर्दै निशान लिम्बुले हिमालयन शेर्पाको अग्रता दोब्बर बनाएका हुन् । डिबक्स भित्र मकवानपुरका डिफेण्डरले क्लिएर गर्न नसकेको बल खोस्दै मिलनले निशानलाई सुन्दर पास उपलब्ध गराएका थिए । खेलको ७४ औं मिनटमा खामिर गिल्सनको ठाउँमा मैदान प्रवेश गरेका मिलन राईले उत्कृष्ट प्रदर्शन गरेका थिए । खेलको अतिरिक्त समयमा निशान लिम्बुको व्यक्तिगत दोश्रो गोलबाट हिमालयन शेर्पाले ३-० को जीत सुनिश्चित गर्दै फाइनल यात्रा तय गर्‍यो ।



अतिरिक्त समयको चौथो मिनेटमा हिमालयन शेर्पाका मिलन राइको पासमा निशानले अर्को गोल थपे । डिबक्स भित्र डिफेण्डरको गल्तीका कारण मकवानपुरले अन्तिम मिनटमा तेश्रो गोल बेहोर्नुपर्‍यो । क्वाटरफाइनलमा भरतपुर फुटबल क्लबविरुद्ध आकर्षक खेल प्रदर्शन गरेको मकवानपुर-११ हिमालयन शेर्पाको सामु निरिह देखियो । शेर्पाविरुद्ध मकवानपुरले सम्झन लायक अवसर बनाउन सकेन । भरतपुर फूटबल क्लबलाई टाइब्रेकरमा निराश बनाउँदै मकवानपुर ११ गोल्डकपको सेमिफाइनल पुगेको थियो । प्रतियोगिता अन्तर्गत बिहीबार साविक विजेता न्युरोड टिम एनआरटी र चर्च ब्वाइज यूनाईटेडबीच दोश्रो सेमिफाइनल खेल हुनेछ ।

चैत १८ गतेसम्म संचालन हुने प्रतियोगितामा ए डिभिजनका पाँचसहित १० टिमको सहभागिता रहेको छ । प्रतियोगितामा एनआरटी, नेपाल एपीएफ क्लब, चर्च ब्वाइज युनाइटेड, सातदोबाटो युथ क्लब, हिमालयन शेर्पा क्लब, वीरगन्ज युनाइटेड क्लब, मकवानपुर-११, बागमती युवा क्लब, भरतपुर फुटबल क्लब र आयोजक सहभागी थिए । एनआरटी प्रतियोगिताको साविक विजेता र एपीएफ उपविजेता हो । जीतपुरसिमरा उपमहानगरपालिका मुख्य सहयोगी र जगदम्बा स्टील्स् प्रालि मुख्य प्रायोजक रहेको प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन् । विधागत पुरस्कारतर्फ सर्वोत्कृष्ट खेलाडीले एक थान मोटरसाइकल, उत्कृष्ट गोलरक्षक, मिडफिल्डर, डिफेन्डर, फरवार्ड, प्रशिक्षक, सर्वाधिक गोलकर्ताले जनही २० हजार प्राप्त गर्नेछन् ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

**बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।**

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

**घर जग्गा भाडामा**

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरूमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोट: भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

**९८४५२६९७१३/९८४५०२०९५१**

**९८५५०३०९५१ (whatsapp)**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'मनको लड्डु' नबनोस् रेलमार्ग

काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) एक महिनाभित्रै तयार हुने समाचार आएको छ । भारतले प्रस्तावित काठमाडौं-रक्सौल रेलमार्गको डीपीआर एक महिनाभित्रै तयार हुने जानकारी गराएको सरकारका उपप्रधान, भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिएका छन् । अध्ययन सकेर एक महिनाभित्रै प्रतिवेदन नेपालले पाउने अपेक्षा गरिएको मन्त्री श्रेष्ठले बताएका छन् । परियोजना अध्ययनका लागि २२ असोज २०७८ मा नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) भएको थियो । सम्झौताअनुरुप डीपीआर तयार हुने जनाइएको छ ।

केआरसीएलले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुने देखिएको छ । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहनेछ भने साना-ठूला गरी करिब ३५ वटा पुल बनाउनुपर्ने देखिएको छ । डीपीआर प्रतिवदेन प्राप्त भएपछि आयोजनाको निर्माणको मोडालिटीबारे छलफल अघि बढ्नेछ । रक्सौलबाट आउने रेलमार्ग बाराको जीतपुर, निजगढ, मनवानपुरको शिखरपुर, सिस्नेरी हुँदै काठमाडौं पुग्नेछ । यसबीचमा कुल १३ वटा रेलवे स्टेसन रहने छन् । जसमध्ये तीन वटा स्टेशन मकवानपुरमै पर्ने सम्भावना छ । ब्रोडगेज प्रयोग गरिने रेलमार्ग निर्माणको लागत करिब २ खर्ब ५४ अर्ब नेपाली रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान छ । दुई महिनाअघि नेपाल भ्रमणमा आएका भारतीय विदेशसचिव विनयमोहन क्वात्रासँग सरकारी प्रतिनिधिको भेटले काठमाडौं-रक्सौल रेलमार्ग निर्माणलाई प्राथमिकतामा अगाडि बढाउने सम्बन्धमा सहमति भएको थियो । दुई देशबीचको उच्च प्राथमिकतामा परेर रेलमार्ग निर्माण भएको अवस्थामा नेपालको आर्थिक र सामाजिक विकासले फड्को मार्ने देखिन्छ । प्रस्तावित रेलमार्ग मकवानपुरको साविक धियाल गाविस हाल बकैया गाउँपालिका, सिस्नेरी हुँदै काठमाडौं पुग्ने बताइएको छ । कुनैबेला काठमाडौंबाट मध्य तराई निस्कने एकमात्र नाका कुलेखानी-भीमफेदी-हेटौंडा थियो । मकवानपुर बाट रेलमार्ग मात्र नभई निजगढ-काठमाडौं फाष्टट्र्याक पनि निर्माणाधीन छ । रेलमार्ग र फाष्टट्र्याक निर्माण सम्पन्न भएको अवस्थामा मकवानपुर सडक पूर्वाधारले थप सुसज्जित हुनेछ ।

सरकारले गत आर्थिक वर्ष २०७८/७९ को बजेटमा काठमाडौं-रक्सौल रेलमार्ग र काठमाडौं-रसुवागढी रेलमार्गको डीपीआर तयार गर्ने जनाएको थियो । काठमाडौं-रक्सौल रेलमार्गको फाइनल लोकेशन सर्भे (एफएलएस) का आधारमा रेलमार्ग मकवानपुरको धियाल-शिखरपुर-सिस्नेरी हुँदै काठमाडौं पुग्ने देखिएको हो । एमओयूअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनी मार्फत् तयार गरेको हो । भारतले सम्झौताअनुसार नेपालमै काम गर्न टोली पठाएको थियो । १८ महिनाभित्र यो काम सकाउने लक्ष्य थियो । यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १७ गते शुक्रबार ३१ मार्च २०२३ । दशमी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ६:२०।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# साना उद्योगको विकासमा सहकारीको लगानी



**दिनेश गेलाल**

लघु घरेलु तथा साना उद्योगले मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । नेपालको संविधान, २०७२ ले आर्थिक विकासका तीन खम्बामध्ये सहकारीलाई एउटा खम्बाको रूपमा परिभाषित गरेको छ । अर्थतन्त्रको बलियो आधार स्तम्भको मान्यताप्राप्त सहकारी क्षेत्रमार्फत गरिने लगानीलाई लघु घरेलु तथा साना उद्योगमा नै केन्द्रित गराउँदै सहकारीको मूल्य र मान्यतालाई सही मार्ग निर्देशित गर्न सकिने छ । जसले सहकारी सिद्धान्तको मूल मर्मलाई उचित सम्बोधन पुग्ने देखिन्छ ।

सदस्यहरूको जीवनस्तर उकास्न तथा आर्थिक उपार्जनमा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धनमा सहकारी संस्थाहरूको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । स्थानीय स्रोत र साधन परिचालन गर्दै आर्थिक रूपमा विपन्न सदस्यहरूलाई उद्यमशीलतातर्फ डोऱ्याउन प्रोत्साहन पुग्नेछ ।

संविधानले नै राष्ट्रिय अर्थतन्त्रको विकासको लागि उद्योग धन्दा सञ्चालन र स्रोत साधनको उचित परिचालन गर्दै नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिने नीति लिएको छ । अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा अवलम्बन गरेको सहकारी क्षेत्रले लघु घरेलु तथा साना उद्योगमा लगानी विस्तार गर्ने हो भने आर्थिक प्रगतिको लक्ष्य भेटाउन मुस्किल हुनेछैन ।

सामान्यतया सहकारी संस्था यस्ता व्यक्तिहरूको समूह हो, जहाँ न्यून आय तथा समान उद्देश्य भएका व्यक्तिहरूले आर्थिक उपार्जनको लागि सामूहिक रूपमा कार्य गर्छन् । सहकारीको मुख्य उद्देश्य 'एकका लागि सबै र सबैको लागि एक' भन्ने रहेको हुन्छ । सहकारी संस्था एक संगठनको स्वरूप हो, जहाँ व्यक्तिहरू आफ्नो आर्थिक हित वृद्धि गर्न समानताको आधारमा एकसाथ संगठित हुन्छन् ।

पछिल्लो समय लामो तरलता अभावले समग्र वित्तीय क्षेत्रजस्तै सहकारी क्षेत्र पनि समस्यामा छ । वास्तवमा सहकारी संस्थाले उचित रूपमा लगानी गर्न नसक्दा समस्या खेप्नु परेको हो । सहकारी संस्थाहरूले समुदायको पैसा समुदायमा नै लगानी गरेका हुन्छन् । तर सहकारी संस्थाहरूले उक्त मान्यतालाई बेवास्ता गर्दै असुरक्षित लगानी गर्दा समस्यामा छन् । सहकारी संघ/संस्थाहरूले घर जग्गामा लगानी त्यागेर लघु घरेलु तथा साना उद्योगमा लगानी गर्ने हो भने वित्तीय संकट नै आउने थिएन ।

उद्योग विभागको पछिल्लो प्रतिवेदन अनुसार उत्पादित वस्तु तथा सेवाको प्रकृतिको आधारमा लघु, घरेलु तथा साना उद्योग ५ लाख ८७ हजार ८०२ वटा दर्ता छन् । साथै, उद्योग प्रकृतिको आधारमा ५ लाख ५२ हजार ७१२ वटा सञ्चालनमा रहेका छन् ।

नेपालको सन्दर्भमा कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा उद्योग क्षेत्रको योगदान करिब ५.६ प्रतिशत र सहकारी क्षेत्रको योगदान करिब ४ प्रतिशत रहेको बताइने गरेको छ । मुलुकभर २९ हजार भन्दा बढी प्रारम्भिक सहकारी संस्थाहरू सञ्चालित छन् । जसमा आबद्ध सदस्यहरूको संख्या ७३ लाख ७ हजार ४६२ रहेका छन् । सहकारी ऐनले क्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्नो सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु संघ संस्थाको मुख्य उद्देश्य उल्लेख गरेको छ ।

सोही उद्देश्य प्राप्तिका लागि स्वदेशमै उपलब्ध कच्चा पदार्थ, श्रम सीप र प्रविधि प्रयोग हुने लघु, घरेलु तथा साना उद्योगको स्थापना, विस्तार र प्रवर्द्धनमा सहकारीको उपस्थिति बलियो रहनेछ । सहकारी संघ संस्थाहरूले लघु तथा साना उद्योगमार्फत सदस्यको आर्थिक स्तर वृद्धि गर्दै कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन मद्दत पुग्नेछ । सहकारी संघ संस्थाहरूले सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्न कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने सहकारी ऐनमा समेत व्यवस्था गरेको छ ।

सहकारी ऐन २०७४ को दफा २१ को उपदफा ३ अन्तर्गत छुट्टै संस्था दर्ता गर्नुपर्ने हुन्छ । तर अनुमति पत्र, स्वीकृति वा इजाजतपत्र आवश्यक भएमा मात्र कारोबार व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्ने उल्लेख छ, जहाँ सहकारी संस्थामा आबद्ध सदस्यहरूको संयुक्त वा साझेदारी रूपमा गर्न सक्ने छन् । सहकारीले ब्राण्डमा बिक्री वितरण गर्नका लागि भने सम्बन्धित निकायबाट ब्राण्ड स्वीकृति दिनुपर्ने हुन्छ ।

त्यसै गरी सहकारी नियमावलीमा समेत सदस्यहरूको आवश्यकतामा आधारित उत्पादन मूल्य शृंखला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने व्यवस्था छ । सहकारी संस्थाले सदस्यको हितको लागि उद्योग सञ्चालन गर्न सक्ने छन् । तर संस्थाले उद्देश्य प्राप्तिको लागि सदस्यलाई यस्ता उद्योग सञ्चालनमा सहयोगी भूमिका निर्वाह गर्नुपर्ने उल्लेख छ । लघु, घरेलु तथा साना उद्योग कम लागतमा सुरु गर्न सकिने भएको कारण जो कोही लाभान्वित हुन सक्छन् । सहकारी संस्थाहरूले सदस्यलाई उद्यमी बनाउन एकीकृत र क्रमबद्ध सेवा प्रवाह गरेर सफल उद्यमी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ ।

सहकारीका सदस्यहरूलाई उद्यमको सुरुवात पश्चात् निरन्तर अनुगमन, निरीक्षण गरी उद्यम विकासमा धेरै कुरा गर्न सक्ने अवस्था रहेको छ । संस्थाका सदस्यहरूलाई वित्तीय सेवाको पहुँच, व्यावसायिक परामर्श, बजारीकरण, स्थानीय कच्चा पदार्थको सहज उपलब्धता, उद्यमशीलता सम्बन्धि तालिम गर्न सक्ने छ । उद्यमको छनौट, आवश्यक कच्चा पदार्थको लेखाजोखा, व्यावसायिक योजना निर्माण, पुँजीको व्यवस्थापन आदि पक्षको विश्लेषणपछि गुणस्तरीय बस्तु उत्पादनको लागि प्राविधिक सीप विकास तालिम प्रदान गर्न सक्नेछ ।

परम्परागत सीपमा आधारित उद्यममा पनि सीप विकास तालिमको आवश्यक छ । यसलाई सहकारी संस्थाले इच्छुक सदस्यहरूमा आत्मविश्वास निर्माण गरी सम्भावित जोखिम बहन गर्ने र क्षमता अभिवृद्धि गर्नेतर्फ जोड दिनुपर्ने हुन्छ, जसबाट सदस्यहरूले सीपको विकास र व्यावसायिक योजना निर्माण गर्न सक्नेछन् । सहकारी संस्था पुँजी निर्माण र कर्जा उपभोग सोच निर्माणमा सहयोगीको रूपमा खडा हुन सक्ने छ । उद्योग सञ्चालन गर्न इच्छुक सहकारी संस्थाका सदस्यहरूलाई वित्तमा पहुँच पुऱ्याउन सक्ने हुन्छ । सहकारीले विना धितो ऋण उपलब्ध गराउनुका साथै ऋणको व्यवस्थापनको लागि मध्यस्थकर्ताको काम गर्न सक्नेछ ।

त्यसै गरी, उपयुक्त प्रविधिमा पहुँच र सञ्चालनको लागि सहजीकरण गर्नेछ । उद्योग सञ्चालनको क्रममा आइपर्न सक्ने अप्ठेरा अवस्थाहरूमा व्यावसायिक परामर्श गर्दै सही दिशा निर्देश गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ ।

यहाँ उद्योग स्थापना गरेर मात्रै हुँदैन । उत्पादित वस्तुले बजार नपाउँदा धेरै उद्योगीहरू समस्यामा छन् । यस्तो अवस्थामा सहकारी संस्थाले सहजीकरण गरिदिनु पर्ने हुन्छ । उत्पादित वस्तु बजारसम्म पुऱ्याउन र उत्पादित बस्तुको ग्रेडिङ, प्याकेजिङ, लेवलिङ बारेमा जानकारी हुनुपर्ने हुन्छ । उत्पादित वस्तुको लागि प्रदर्शनी मेला आयोजना गर्ने, बजार विस्तारको लागि सहजीकरण गर्न सक्नेछ ।

सहकारी संस्थाले परिचालित ऋणको समुचित सदुपयोग भएको छ वा छैन भन्ने बारेमा पनि सचेत हुन आवश्यक छ । कतिपय अवस्थामा कर्जा प्राप्त गर्नकै लागि उद्योग स्थापना गरेर कर्जा स्वीकृत भएपछि उक्त प्राप्त रकम हिनामिना हुन सक्ने समस्या हुन सक्छ । अव्यवस्थित लगानीकै कारण अहिले सहकारी क्षेत्र धराशायी अवस्थामा पुगेको छ । त्यसैले, सहकारीको लगानीलाई दुरुपयोग हुनबाट जोगाउन समेत आवश्यक छ ।

सहकारी संस्थामार्फत् गरिएको लगानी दुरुपयोगसँगै लगानी व्यवस्थापनमा चुकेका छन् । यस्तो अवस्थामा सहकारी संस्थाले कर्जा लगानीको स्वरूपलाई परिवर्तन गर्नुपर्ने टड्कारो देखिन्छ । सहकारी संस्थाहरूले उत्पादनशील क्षेत्र जस्तै लघु घरेलु तथा साना उद्योगमा लगानी गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने छ ।

*(साभार: रातोपाटी)*

# राज्यसत्ताका अनुत्तरित प्रश्नहरू

**टीकाराम भट्टराई**

**यो गणतन्त्रमा राज्यसत्तामाथि जनताको स्वामित्व, नियन्त्रण र नियमन हुन्छ । तर आजको हाम्रो राज्यसत्तामा जनताको स्वामित्व छ/छैन भनेर गम्भीर विमर्शको खाँचो छ ।**

लेख हाम्रो लुटिएको राज्यसत्ताका अनुत्तरित प्रश्नहरूमा केन्द्रित रहनेछ । लुटिएको भन्ने शब्दले स्वामित्वधारीको नियन्त्रणबाट फौजदारी प्रकृतिले अर्थात् जसको स्वामित्वमा रहेको माल-बस्तु हो, त्यसबाट बल प्रयोग गरी जबरजस्ती खोसेको भन्ने अर्थ बोध गराउँछ ।

तर यहाँ कुनै माल-बस्तुभन्दा पनि सिंगै राज्यसत्ता र यसका सम्पूर्ण अवयवहरू जनताबाट जबरजस्ती खोसिएको अर्थात् जनताको नियन्त्रणमा रहेको राज्यसत्ता र सरकार सीमित वर्ग र हुने खानेको हातमा कैद गरिएको भन्न खोजिएको हो । आज जनताको नियन्त्रण वा स्वामित्वबाट राज्यसत्ता हुनेखाने, अभिजात्य वर्ग र बाहुबलीहरूको हातमा लगिएको छ र त्यो लैजाने प्रक्रिया गतिमा तीव्र र चरित्रमा फौजदारी प्रकृतिको छ ।

### संविधानले परिकल्पना गरेको राज्य

इतिहासले सिद्ध गरेको तथ्य के हो भने, हुनेखाने र बाहुबलीहरूको मात्र एकलौटी नियन्त्रणको अन्त्य गर्ने र खास भूगोलमा बस्ने निमुखा, गरिब, शक्तिहीन र असहायहरूको संरक्षण गर्ने उद्देश्ले राज्यको उत्पत्ति भएको हो । राज्यको आवश्यकता र संरक्षण त्यस्तो वर्गलाई पर्दछ, जो आफैं गर्न र व्यहोर्न सक्षम छैन । हुनेखाने र पहुँच हुनेहरू आफैं सबै थोक गर्न सक्षम हुन्छन् । तिनलाई राज्यको संरक्षणको खाँचो हमेसा पर्दैन । तसर्थ यहाँ जनता भन्नाले ती आधारभूत वर्गका नागरिकलाई भन्न खोजिएको हो जसलाई राज्यको संरक्षण, सुरक्षा र पहुँचको आवश्यकता छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र आधुनिक शासन व्यवस्थाकै उत्कृष्ट शासन पद्धति हो । यस्तो व्यवस्थामा राज्यसत्ताको नियन्त्रण जनताको हातमा हुन्छ । त्यसैले संविधानले सार्वभौमसत्ता जनतामा निहित रहने उद्घोष गरेको छ भने समानताको अधिकारलाई जनताको मौलिक हकका रूपमा स्थापित गरेको छ । समानताको हक भनेको मुख्य रूपमा सबै जनता कानुनको दृष्टिमा समान रहनु, सबै जनतालाई राज्यसत्ताबाट कानुनको समान संरक्षण प्राप्त हुनु र कानुनले कुनै पनि वर्ग, लिंग, जातजाति वा जन्म र भूगोलका आधार मा कसैलाई पनि विभेद नगर्नु अर्थात् अविभेदको सिद्धान्त लागू हुनु हो । गणतन्त्रमा गण अर्थात् जनताको स्वामित्व, नियन्त्रण र नियमन हुन्छ । तर आजको हाम्रो गणतन्त्र वा राज्यसत्ता वा शासन पद्धतिमा जनताको स्वामित्व छ छैन भनेर गम्भीर विमर्शको खाँचो छ ।

झट्ट हेर्दा आवधिक निर्वाचनबाट चुनिएर आएका जनप्रतिनिधिले संसद्मार्फत सरकार बनाउँछन्, जनताको छोरो वा छोरी राष्ट्रपति हुने संवैधानिक व्यवस्था छ । तिनै तहका जनप्रतिनिधिहरू आवधिक निर्वाचनकै माध्यमबाट निर्वाचित हुन्छन् । यस्तो व्यवस्थालाई कसरी जनताको स्वामित्व र नियन्त्रण नभएको भन्ने ? तर सत्य यो हो कि, यही जनताको व्यवस्था र आवधिक निर्वाचनको आवरणमै राज्यसत्तामा जनताको नियन्त्रण र स्वामित्व गुम्दै गएको छ र राज्यसत्ता अभिजात्य वर्गको क्रीडास्थल बन्दै गएको छ, यो नै आजको मुख्य चिन्ता अनि चुनौतीको विषय हो ।

### पछिल्ला केही दृष्टान्त

रवि लामिछानेजीले यो सत्ता गठबन्धनलाई समर्थन गर्ने ग्यारेन्टी हुँदैनथ्यो भने उहाँलाई झूटो विवरण पेस गरेर राहादानी लिएको भन्ने विषयमा मुद्दा नचल्ने निर्णय विद्धान् महान्यायाधिवक्ताबाट हुन्थ्यो कि हुँदैनथ्यो होला ? अनि मुद्दा नचल्ने नै निर्णय हुन्थ्यो भने पनि तीन दिनका बीचमा जिल्ला सरकारी वकिल, उच्च सरकारी वकिल कार्यलय हुँदै महान्यायाधिवक्ताबाट समेत, त्यो पनि प्रधानमन्त्रीले विश्वासको मत लिने दिनमै हाताहातै लिने-दिने गरी निर्णय हुन्थ्यो कि हुँदैनथ्यो ? सयौं विदेशी वा स्वदेशी नागरिकलाई यसअघि यस्तै प्रकृतिका अवस्थामा किन मुद्दा चलाइएको थियो र यसमा चाहिँ किन नचलाइएको होला ? ठीक छ, उहाँलाई मुद्दा नलगाउने निर्णय गर्ने आधारप्रमाण थियो रे, तर तीन दिनकै बीचमा जिल्लादेखि केन्द्रसम्म निर्णय गर्न सक्षम हुने हाम्रो राज्य संयन्त्रले अरू सर्वसाधारणका हकमा पनि यसैगरी निर्णय गरेका अरू दृष्टान्त होलान् ? अहिले पनि विभिन्न जिल्ला सरकारी वकिल कार्यलयबाट मुद्दा नचल्ने गरी आएका सर्वसाधारणका रायका फाइलहरू महिनौंदेखि महान्यायाधिवक्ताको कार्यालयमा थन्किएर बसेको अवस्थामा यो द्रुत गतिको सेवा किन रविजीको हकमा मात्र लागू भयो होला ? यस्तै केसमा कैयौं सर्वसाधारण प्रहरी हिरासत वा जेलमा रहेको अवस्थामा किन उहाँलाई चाहिँ राज्यको विशेष संरक्षण ? राज्यसत्ताको विशेष संरक्षण र विभेदको एउटा प्रतिनिधिमूलक घटना हो यो ।

### प्रश्न न्यायालयतर्फ पनि

प्रश्न कार्यपालिका वा सरकारी संयन्त्रतर्फ मात्र होइन, स्वयं अदालततर्फ पनि सोझिएका छन् । पल शाह वा सन्दीप लामिछानेले जुन आधार-कारणबाट सफाइ वा थुनामा बस्नु नपर्ने गरी अदालतको आदेशले सुविधा प्राप्त गरे त्यही आधार-कारण र तथ्य भएका हजारौं नागरिक आज प्रहरी हिरासत वा जेलमा छन् । प्रश्न यिनले सफाइ पाएको वा धरौटीमा बसेर मुद्दाको पुर्पक्ष गर्ने सुविधा पाएकोमा हुँदै होइन, खालि समान अवस्थाका अन्य सर्वसाधारणलाई यो सुविधा दिन हाम्रो अदालत किन तयार छैन भन्ने हो । संविधानले भनेको कानुनको समान संरक्षण प्राप्त गर्ने हकबाट अरू नागरिक वञ्चित भए वा पारिए भन्ने प्रश्नको जवाफ अब न्यायपालिका र सम्बन्धित न्यायाधीशहरूले दिनै पर्छ । थुनामा बसेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था अपवादजन्य अवस्था हो र यो अन्तिम विकल्प पनि हो ।

अभियुक्त विदेश भागेर जाने अवस्था वा प्रमाण लोप गर्न सक्ने अवस्था वा भोलि दोषी ठहर भएमा फैसला कार्यान्वयन हुन नसक्ने अवस्था वा उसले पुन: त्यस्तो अपराध गर्ने त्रास र भयको अवस्था हुन्छ भने मात्र कुनै पनि अभियुक्तलाई थुनामै राखेर मुद्दाको कारबाही गरिने विधिशास्त्रीय मान्यता र अभ्यास हो । तर यहाँ अदालत बाहिरको भीड-जुलुस वा सार्वजनिक रूपमा गरिने टिप्पणीलाई हेरेर बाहिरै रहँदा हुने अभियुक्तलाई पनि थुनामै राख्ने गरी विवेकलाई बन्धक बनाएर आदेश गर्ने प्रचलन छ । हुनेखाने र पहुँच भएका वा सेलिब्रेटीका हकमा भने फेरि यसभन्दा भिन्न विशेष सुविधा दिने आदेशहरू हुन थालेका छन् । यसले नागरिकलाई राज्यसत्ताको समान संरक्षण प्राप्त छैन भन्ने देखाउँछ । अनुहार, पहुँच र आर्थिक अवस्थाका आधारमा असमान र भेदभावपूर्ण व्यवहार हुने गरेको प्रस्ट हुन्छ । यस्ता दृष्टान्तले राज्य सत्ता वर्गीय र विभेदकारी हुन्छ भन्ने मार्क्सवादी दर्शनलाई पुष्टि गरिरहेको छ ।

### विद्रोह अधिकार हो

जब राज्य निश्चित वर्गको मात्र कब्जामा पुग्छ तब त्यो वर्गीय राज्यका विरुद्धमा हेपिएको, दबिएको र शोषणमा परेको वर्गले विद्रोह गर्न थाल्छ । विद्रोह जनताको वैधानिक अधिकार हो । दुनियाँको राज्यसत्ताको इतिहासले यही सच्चाइ स्थापित गरेको छ । राज्यको यस्तै प्रकृतिको विभेद र वर्गीय पक्षधरताविरुद्ध विगतमा विद्रोह गरेका कांग्रेस र एमाले मात्र होइन, निकटविगतमा दस वर्ष हतियार उठाएर ५ हजार नागरिकको हत्याको जिम्मेवारी लिने सार्वजनिक प्रतिबद्धता व्यक्त गरेको माओवादीसम्मको वर्गीय पक्षधरतासम्बन्धी परिवर्तनले अब जबरजस्त रूपमा अर्को विद्रोह जन्मने चुनौती थपिएको छ । राज्यले निश्चित वर्ग, समुदाय र अभिजात्य वर्गको मात्र सेवा गर्छ भने त्यसविरुद्ध विद्रोह हुनु विल्कुल स्वाभाविक हुन्छ ।

आजको सरकारले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने यसका निर्णय र काम कारबाहीहरूले बताइरहेका छन् । कृषिप्रधान देशमा किसानलाई दिइआएको मलको अनुदानमा कटौतीको चेष्टा गर्नुह मिटरब्याजपीडित गरिब निमुखा र सर्वहारा वर्गले प्रधानमन्त्रीलाई राज्य चिनाउन बारादेखि काठमाडौंसम्मको पैदल यात्रा गर्नुपर्ने अवस्था आउनुह आफूनिकटका व्यक्तिहरूको विदेशमा राखिएको कालो धनलाई मुद्रा निर्मलीकरण गरेर स्वदेशमा ल्याउन सर्वहारा वर्गको पार्टीबाट प्रतिनिधित्व गर्ने अर्थमन्त्री स्वयं लागि पर्नु मुगुका जनता २० रुपैयाँको नुन किन्न ५ हजार खर्च गर्नुपर्ने बाध्यतामा बाँच्नु ठेकदार, व्यापारी, तस्कर, विदेशी जासुस र एजेन्टहरूले सजिलै सिंहदर बार र बालुवाटारमा प्रवेश पाउनु र मतदाता वा सेवाग्राहीले सरकारलाई भेट्नै नसक्नुजस्ता प्रतिनिधिमूलक दृष्टान्तहरूले यो सरकारले कसको सेवा गरिरहेको छ र कुन वर्गको प्रतिनिधित्व गरिरहेको छ भन्ने आफैंमा स्पष्ट हुन्छ ।

### राजनीतिक दलको भूमिका

अर्कोतर्फ, वर्गीय पक्षधरताको आवरणमा समाजवादी, साम्यवादी, पुँजीवादी र राजतन्त्रवादी अर्थात् सामन्तवादी राजनीतिक दलहरू देशमा क्रियाशील छन् तर तिनका कार्यसम्पादन चरित्रमा जति खोजे पनि भिन्नता पाउन मुस्किल छ । अर्थात् जुनसुकै आवरणमा सत्तामा पुगे पनि तिनले हेर्ने हित भनेको अभिजात्य वर्गकै हो । साइनबोर्ड र पार्टी कार्यालय अलग-अलग हुनुबाहेक उनीहरूबीच अरू भिन्नता मेटिँदै जान थालेका छन् ।

अन्तर्पार्टी प्रजातन्त्र मृतप्राय: छ । नीति, सिद्धान्त र दर्शनमा विश्वास गर्ने राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई क्रमश: राजनीतिबाट किनारा लगाइँदै छ । दलका बैठक भेला र प्रशिक्षणहरू नेताको महिमा गाउने भजन मण्डलीजस्ता हुँदै गएका छन् । पार्टीभित्रको भिन्न मतलाई जबरजस्ती नियन्त्रण गर्ने वा त्यस्तो मत राख्नेहरूलाई कुनै अवसर नदिने र पाखा लगाउने प्रचलन अपवाद होइन, सामान्यजस्तै हुँदै गएको छ । हुनेखाने, कमाउने वा कमाएको रकम बुझाउन पनि सक्नेहरू तलदेखि माथिसम्मकै पार्टी-संयन्त्रहरूमा कब्जा जमाउन सफल हुँदै गएका छन् । यसरी राज्यसत्ता, राजनीतिक दलहरू, राज्य संयन्त्रहरू, पार्टी सत्ता र त्यसका संयन्त्रहरू अनि स्वय अदालतसमेत निश्चित वर्गको कब्जामा परेका कारणले नै जनताको स्वामित्व राज्यसत्ताबाट क्रमश: खोसिँदै गएको छ ।

### सुधार सम्भव छ

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था वहाल रहेकाले योभन्दा अर्को उत्कृष्ट राजनीतिक व्यवस्थाका लागि विद्रोह आवश्यक छैन । जनताको स्वामित्वबाट टाढा हुँदै गएको राज्य सत्ता र पार्टी सत्तालाई सही मार्गमा ल्याउने क्षमता अझै पनि नागरिकमा छ । नागरिकको त्यस्तो क्षमताको संगठित स्वरूपको विकास गर्नु आवश्यक छ । राजनीतिक दलहरू नीति, सिद्धान्त र दर्शन अनि आफ्नो वर्गीय पक्षधर तामा चल्नेबित्तिकै बहुदलीय व्यवस्थामा दलको नियन्त्रणमा रहने राज्य संयन्त्रलाई लिकमा ल्याउन कुनै कठिनाइ पर्दैन । राज्य संयन्त्रमा जनताको स्वामित्व फर्काउने प्रयासको थालनी राजनीतिक दलबाट मात्र सम्भव छ । राजनीतिक दल र तिनका कार्यकर्तामा वर्गीय पक्षधरताको चेतना र आलोचनात्मक चेतको विकास नभई अभिजात्य वर्गको कब्जामा रहेको राज्यलाई आमजनताको अधीनमा ल्याउन सकिँदैन । राजनीतिक दलको आन्तरिक प्रजातन्त्र हरेक नागरिकको साझा चासो र सरोकारको विषय हो । कुनै एक दलको आन्तरिक प्रजातन्त्रको विषय अर्को दलको पनि चासो र सरोकारको विषय बन्नुपर्छ । आजका प्रमुख दलहरूले आन्तरिक प्रजातन्त्रको वैधानिक अभ्यास गर्ने र तिनीहरू नीति, सिद्धान्त र दर्शनका आधारमा स्वचालित हुनेबित्तिकै राज्यसंयन्त्रमा जनताको साझा स्वामित्व पुन:स्थापना हुनेछ । अत:, राजनीतिमा सक्रिय वा सरोकार राख्ने प्रत्येक नागरिकले एउटा साझा प्रण गरौं । राजनीति र राज्यसत्तामा अभिजात्य वर्गको स्वामित्व समाप्त गरौं । यसो नगरीकन यथाअवस्थामा यो राज्यसत्ता अघि बढ्न सक्दैन । त्यसका लागि सचेत, संगठित र सामूहिक प्रयत्नको खाँचो छ ।

*(साभार: ई-कान्तिपुर)*

# मन्त्रिपरिषद्लाई पूर्णता दिँदै प्रधानमन्त्री, रास्वपाको भाग सुरक्षित



काठमाडौं/सत्तारुढ दलहरुबीच मन्त्रालयको भागवण्डा टुंगो लागेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रालय भागबण्डा टुंगो लगाउन बुधबार साँझ बालुवाटारमा सत्तारुढ गठबन्धनको बैठक बोलाएका थिए । बैठकमा औपचारिक निर्णय नभए पनि मन्त्रालय भागबण्डाबारे मोटामोटी टुंगो लागेका नेताहरुले बताएका छन् । 'प्रधानमन्त्रीले कुन दलले कुन मन्त्रालय पाउने भन्नेबारे सबै दलसँग अलगअलग कुरा गरेर प्रस्ताव ल्याउँछु भन्नुभएको छ' बैठकमा सहभागी एक नेताले भने ।

तर मन्त्रालय संख्याबारे लगभग टुंगो लागेको ती नेताले बताए । उनका अनुसार, नेपाली कांग्रेसले ८, नेकपा माओवादी केन्द्रले ५, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले २/२ र जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र नेपाल समाजवादी पार्टीले १/१ मन्त्रालय पाउनेछन् । आम जनता पार्टीका अध्यक्ष प्रभु शाहलाई पनि सरकारमा सहभागी गराउने तयारी भएको छ ।

जसपाका नेता राजेन्द्र श्रेष्ठ, बिहीबार साँझसम्म मन्त्रिपरिषद बिस्तार गर्ने सहमति भएको बताउँछन् । 'सबै पार्टीले आ-आफ्नो भागमा परेको मन्त्रालयमा मन्त्रीहरुको नाम दिनुहुनेछ, त्यसपछि मन्त्रीहरुको शपथ हुन्छ', श्रेष्ठले भने ।

प्रधानमन्त्री प्रचण्डले बुधबार नै मन्त्रिपरिषद विस्तार गर्ने तयारी गरेका थिए । मन्त्रिपरिषदलाई पूर्णता दिन नसके पनि थोरै संख्यामा मन्त्री थप्न चाहेका थिए । त्यसैअनुसार, प्रमुख सत्ता साझेदार दलहरुलाई एक/एक जना भए पनि नाम दिन भनेका थिए ।

प्रधानमन्त्रीको प्रस्ताव अनुसार, एकीकृत समाजवादीले उपाध्यक्ष बेदुराम भुसाललाई सरकारमा पठाउने निर्णय गरेको थियो । तर प्रमुख सत्तारुढ दल कांग्रेसका सभापति शेरबहादुर देउवाले एकैपटक मन्त्रिपरिषद् विस्तार गर्नुपर्ने अडान लिए । 'प्रधानमन्त्रीले आज एक दुई जनाको नाम दिनुस् भन्नुभएको थियो, तर त्यसो गर्दा पार्टीभित्र समस्या आउने सभापतिले भन्नुभयो', कांग्रेसका एक नेताले भने ।

ती नेताका अनुसार, चरणचरणमा मन्त्री पठाउँदा पार्टीभित्र असन्तुष्टि देखिन सक्ने भएकाले सबै मन्त्रीलाई एकैपटक नियुक्त गर्न देउवाले प्रचण्डलाई सुझाव दिए । देउवाको त्यही सुझावका कारण प्रधानमन्त्री रोकिएका छन् ।

१० पुसको सत्ता गठबन्धन भत्किएसँगै प्रधानमन्त्री प्रचण्डले एक महिनादेखि १६ मन्त्रालय आफैं चलाइरहेका छन् । यी मन्त्रालयहरु ३ माघको सहमति अनुसार, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पाएका थिए । तर तीन वटै दलले पालैपालो सरकार छोडेपछि १५ माघदेखि जनमत पार्टीका एक र माओवादी केन्द्रका चार मन्त्री मात्रै सरकारमा छन् ।

**रास्वपाको भाग सुरक्षित**

प्रधानमन्त्री प्रचण्डले रास्वपालाई पनि सरकारमा ल्याउने प्रयास गरेका थिए । रास्वपाले पार्टी सभापति रवि लामिछानेकै नेतृत्वमा सरकार आउन बताएपछि गठबन्धनका दलहरु गैरसांसदलाई मन्त्री बनाउन सहमत भएनन् ।

बुधबार साँझसम्म रास्वपा सरकारमा आउने संभावना देखिएको छैन । तर तत्काल रास्वपा सरकारमा सहभागी नभए उसको भाग सुरक्षित राखिएको नेताहरु बताउँछन् ।

नेताहरूका अनुसार रास्वपा सरकारमा सहभागी हुन तयार भएको अवस्थामा अहिले पाएको मन्त्रालय संख्याबाट घट्न माओवादी केन्द्र तयार छ । स्रोतका अनुसार, अहिले भएको भागबण्डामा पनि रास्वपालाई सरकारमा ल्याउनकै लागि माओवादी केन्द्रले ५ र पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको नेसपालाई एक सिट छुट्याएको छ, जुन रास्वपा सरकारमा आउँदा दिइनेछ ।

नागरिक उन्मुक्ति पार्टीले पनि रेशम चौधरीको रिहाइ भएपछि मात्रै सरकारमा जाने बताउँदै आएको छ । तर नाउपालाई पनि एउटा सिट छुट्याइएको छ । भोलि रास्वपा सरकारमा सहभागी हुने अवस्थामा यही मन्त्रालयहरूबाट मिलाएर भाग दिने नेताहरू बताउँछन् ।

माओवादी केन्द्रका महासचिव देव गुरुङ पनि रास्वपा सरकारमा सहभागी हुन तयार भएको अवस्थामा मन्त्रालय भगवण्डा मिलाउन समस्या नभएको बताउँछन् । 'समस्या नहुने गरी नै प्रधानमन्त्रीले आफूसँग मन्त्रालयहरु राख्नुहुन्छ', उनले भने, 'गैर सांसदलाई मन्त्री बनाउने कि नबनाउने भन्ने विषयले अहिले अर्को खालको परिस्थिति बनेको हो । आगामी उपचुनावमा के हुन्छ ? त्यसपछि पनि छलफल हुन सक्ला ।'

रास्वपा सभापति रवि लामिछाने भने सरकारमा सहभागी हुने वा नहुने भन्ने विषयमा सत्तारुढ गठबन्धनमा रहेका दलहरुसँग ठोस छलफल हुन नपाएको बताउँछन् । उनका अनुसार गठबन्धनको बैठकमा बोलाएर छलफल नभएकाले पनि रास्वपाको सहभागिताबारे कुनै निर्णय नभएको हो । 'हामी सरकारमा जाने कुरा हुन उहाँ (सत्तारुढ दलहरु)ले छलफलमा बोलाउनुपर्यो । सरकारको न्यूनतम साझा कायक्रम हेर्नुपर्यो', सभापति लामिछाने भने, 'यी केही पनि भएका छैनन् ।'

रास्वपा नेताहरूका अनुसार अब आगामी वैशाख १० गते हुने उपचुनावपछि सरकारमा जाने वा नजाने भन्ने विषयमा निर्णय हुनेछ ।

वैशाख १० गते चितवन २, तनहुँ १ र बारा २ मा उपनिर्वाचन हुँदैछ । रवि लामिछाने आफैं चितवनबाट चुनाव लड्दैछन् । गत चुनावमा चितवन २ बाट निर्वाचित लामिछानेको पद नागरिकता सम्बन्धी विवादमा सर्वोच्च अदालतले गरेको फैसला अनुसार रिक्त हुन पुगेको थियो ।

रवि लामिछाने पुन: चुनाव जित्ने र त्यसपछि उनकै नेतृत्वमा सरकारमा जाने रास्वपाका नेताहरू बताउँछन् ।

रास्वपाले यसअघि केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक राखेर सरकारमा सहभागीताको विषयमा छलफल चलाएको थियो । उक्त छलफलमा लामिछाने बाहेकका सांसदहरुले सरकारमा गएर जनमत बटुल्न सकिन्छ वा सकिँदैन् भन्ने विषय प्रमुख रुपमा आएको थियो । 'रवि लामिछाने बेगर सरकारमा नजाने पार्टीको प्रष्ट लाइन हो', रास्वपाका एक नेताले भने ।

*(स्रोत: अनलाइनखबर)*

# २० युवालाई दौरा सुरुवाल सिलाई तालिम

साझाकुरा संवाददाता



हेटौंडा, १५ चैत/राष्ट्रिय पोशाक दौरा सुरुवाल सिलाई पुनर्ताजगी तालिम हेटौंडामा सुरु भएको छ । नेपाल कपडा तथा सिलाई व्यावसायी संघ मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा एक हप्ते नि:शुल्क दौरा सुरुवाल तालिम सुरु भएको हो ।

नेपालीको पहिचान बोकेको नेपाली पोशाक दौरा सुरुवाल लोप हुँदै जान थालेकाले यसको संरक्षण तथा प्रवर्द्धन गर्न तालिम आयोजना गरिएको नेपाल कपडा तथा सिलाई व्यवसायी संघ मकवानपुरका अध्यक्ष मेनका श्रेष्ठले बताइन् । नागरिकलाई तालिम प्रदान गरी स्वरोजगार एवम् आत्मनिर्भर बनाउने उदेश्यका साथ तालिम संञ्चालन गरिएको उनले बताइन् । नेपाल कपडा तथा सिलाई व्यवसायी संघ मकवानपुरका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रहेका सिग्देलले व्यवसायीको सीप क्षमता वृद्धिका साथै राष्ट्रिय पोशाकको समेत संरक्षण हुने यस्ता कार्यक्रमबाट व्यवसायीले धेरै भन्दा धेरै फाइदा लिन आग्रह गरेका थिए । प्रशिक्षक नारायणसिंह थिङले प्रदान गर्ने तालिममा महिला र पुरुष गरी २० जनाको सहभागिता रहेको छ । उक्त तालिममा सहभागीलाई हेटौंडा उपमहानगरपालिकाले रोजगारीको सुनिश्चितता गर्ने बताएको छ ।

# एकीकृत कर्मचारीको खाद्यान्न सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, १५ चैत/ एकीकृत सरकारी कर्मचारी संगठन नेपाल मकवानपुरले स्थापना दिवस पारेर आश्रमलाई खाद्यान्न सहयोग गरेको छ ।

संगठनले हेटौंडा-१५ मा रहेको दिव्य सेवा निकेतनमा आश्रय लिएर बसेका ज्येष्ठ नागरीकका लागि खाद्यान्न सहयोग गरेको हो । संगठनले आश्रममा २० केजी चिउरा, १० लिटर खानेतेल, १० केजी चिनी, ७ केजी दालसहित अन्य सामग्री सहयोग गरेको जिल्ला अध्यक्ष राजेश थापाले बताए ।

खाद्यान्न वितरण कार्यक्रममा संगठनका केन्द्रीय उपमहासचिव अच्युत लामिछाने, केन्द्रीय सदस्य भरत नेपाल, केन्द्रीय लेखा आयोग सदस्य होमराज ढुंगेल, पेशागत महासंघका केन्द्रीय सदस्य मैनाकुमारी पोखरेल, पेशागत महासंघका जिल्ला अध्यक्ष राधाकृष्ण फुयाँललगायतको उपस्थिति थियो ।

निकेतनले संचालन गरेको आश्रममा ज्येष्ठ नागरिक र कर्मचारी गरी ४० जना बसोवास गर्दै आएका छन् ।

# नेपालमा खिचिने विदेशी फिल्ममा ६५ प्रतिशत नेपाली प्राविधिक राख्नुपर्ने

काठमाडौं/प्राविधिकहरुको छाता संस्था नेपाल चलचित्र प्राविधिक संघ (नेफ्टा)ले आगामी बैशाख १ गतेदेखि लागू हुने गरी नेपालमा छायांकन गर्न आउने विदेशी फिल्मले अनिवार्य रुपमा ६५ प्रतिशत नेपाली प्राविधिक राख्नुपर्ने नियम ल्याउने भएको छ । विदेशी फिल्मले नेपालमा छायांकन गर्दा प्राविधिक संघसँग अनिवार्य अनुमति लिनुका साथै सहकार्य गर्नुपर्ने नियम पनि लागू गर्ने संघको तयारी छ ।

त्यस्तै, नेफ्टाले बैशाख १ देखि छायांकनमा सिफ्ट सिस्टम कार्यान्वयनमा ल्याउने भएको छ । १२ घण्टाको सिफ्ट सिस्टममा बिहान ७ देखि बेलुका ७ बजेसम्म र बिहान ९ बजेदेखि राती ९ बजेसम्म प्राविधिकले काम गर्नुपर्ने नेफ्टा अध्यक्ष पुष्कर लामाले बताए । अन्तर्राष्ट्रिय फिल्म उद्योगमा कार्यरत प्राविधिकको अभ्यासलाई हेरेर नेपालमा यस्तो व्यवस्था लागू गर्न लागिएको उनको भनाई छ ।

अतिरिक्त समय काम गर्नुपरेमा निर्माताले प्राविधिकलाई थप पारिश्रमिक दिनुपर्ने निर्णय नेफ्टाको हालै बसेको कार्यसमिति बैठकले गरेको हो । '२०७६ सालदेखि नै यो अभ्यास सुरु गर्ने तयारी थियो तर कोरोना महामारीले रोकियो,' अध्यक्ष लामाले भने, 'फिल्मको अहिलेको अवस्थालाई हेरेर यो नियम ल्याएका हौं । जिम्मेवार श्रमिक संस्थाले भएकाले निर्मातालाई जोगाउनुपर्छ भन्ने उद्देश्य छ ।'

सिफ्ट प्रणाली कार्यान्वयन गर्न फिल्म सम्बद्ध सबै निकायसँग सहकार्य गर्ने पनि अध्यक्ष लामाले बताएका छन् । बैशाख १ गतेदेखि नेफ्टाको सदस्यता नलिने प्राविधिकले काम गर्न नपाउनेदेखि संस्थाबाट सुविधा पनि नपाउने भएका छन् । प्राविधिकको हकहित र सुरक्षालाई ध्यानमा राख्दै दैनिक आइपर्ने समस्यालाई न्यूनीकरण गर्नका लागि यो नियम ल्याउन लागिएको अध्यक्ष लामाले बताए ।

# बैशाख १५ मा 'कैदीको पत्र', 'मेरो दिलको तालमा' गीत रिलिज

काठमाडौं/आगामी बैशाख १५ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फिल्म 'कैदीको पत्र'को पहिलो रोमान्टिक थिमको गीत सार्वजनिक गरिएको छ । बुधबार युट्युबमा सार्वजनिक 'मेरो दिलको तालमा' बोलको गीतमा प्रताप दास र सुबानी मोक्तानको स्वर रहेको छ भने सनम कुमार बैरागको शब्द रचना तथा सुरेश सेञ्चुरीको संगीत सुन्न सकिन्छ । यो गीतको अंग्रेजी लाइन निखिल गोतामेले लेखेका छन् ।

कविराज गहतराजको नृत्य निर्देशन रहेको गीतको भिडियोमा फिल्मका मुख्य दुई पात्र कुनाल बिश्व र ब्रिटिश अभिनेत्री म्याडिशन लाजारस प्रेमिल भावमा प्रस्तुत छन् । प्रेम र रोमान्सको कथामा बनेको फिल्ममा आफ्नो जीवनमा पाएको खुशीलाई सम्हाल्न नसक्दा मानिसले व्यहोर्नुपर्ने उतार-चढाव तथा भोग्नुपर्ने कठिनाइलाई देखाइएको निर्देशक सनम कुमार बैरागले जानकारी दिए ।

सम्पूर्ण छायांकन स्कटल्याण्डमा भएको फिल्ममा कुनाल र म्याडिशनसँगै सलिना थापामगर, पृथ्वीराज खत्री, सुवर्ण थापा, मनिष श्रेष्ठलगायतको अभिनय रहेको छ । दिल घले, नानी बैराग, कैलाश बिश्वकर्मा र हिराल जोशी फिल्मका निर्मातामा रहेका छन् । फिल्मका डिओपी रामेश्वर कार्की हुन् भने अर्जुन जिसिले सम्पादन र ब्रिटिश कलरिष्ट यासिन एनचौबीले कलर ग्रेडिङ्ग गरेका छन् ।

# मिटरब्याज पीडितको समस्या समाधान गर्न सांसदहरुको एकै स्वर

काठमाडौं/जनप्रतिनिधिले मिटरब्याज पीडितका समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा सांसदले धेरै गरिब नेपाली मिटर ब्याजीको चङ्गुलमा फसेको भन्दै तत्काल मिटरब्याजीलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरेका हुन् ।

नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले मिटरब्याज पीडितको न्यायका लागि सरकारको ध्यानार्कषण गराए । उनले तत्काल समस्या समाधानका लागि कानुन निर्माण गर्न माग गरे । उनले सिन्धुलीमा हात्तीको आक्रमणको जोखिम बढेको भन्दै विद्युतीय तार बार गर्न माग गरे। उनले रासायनिक मलको सधैंको अभावलाई कम गर्न मल वितरणका लागि निजी क्षेत्रको सहयोग लिन सकिने बताए।

नेकपा एमालेको सांसद भगवती चौधरीले मिटरब्याज पीडित बैंक तथा वित्तीय संस्थाबाट सहज ढङ्गबाट ऋण नपाउँदा चर्को ब्याजदरमा साहुबाट ऋण लिन बाध्य भएको बताइन् । उनले भनिन्, 'एक लाख लिँदा १० लाख बढाउने मिटरब्याजी साहुका कारण पीडित घरबारविहीन भइरहेका छन् । वित्तीय साक्षरता नभएका कारण पनि धेरै नागरिक मिटरब्याजको समस्याबाट पीडित भएका छन्।'

नेकपा माओवादी केन्द्रका सांसद हितबहादुर तामाङले मिटर ब्याज पीडितको समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । 'पूर्वी तराईबाट हिँडेर मिटर ब्याज पीडित काठमाडौं भित्र्याएको छन्, देशका हरेक भागमा मिटर ब्याजको समस्या फैलिएको छ । अहिलेको व्यवस्था मन नपराउने व्यक्ति यो समस्यालाई भड्काउन सक्छन् सरकारले हिजो वार्ता टोली गठन गरेको छ, समस्याको अध्ययन गरेर समस्या समाधान गर्न सुझाव दिने विषय सकारात्मक छ, यो समस्यालाई सदाका निम्ति मुक्त गर्ने दिशातर्फ अगाडि बढ्नुपर्छ', उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी सांसद सोविता गौतमले हवाई यात्रालाई सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण बनाए। उनले हवाई सेवालाई सुरक्षित बनाउन विभिन्न निकायले दिएका सुझावलाई किन कार्यान्वयन नगरिएको हो भनी प्रश्न गरिन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद बुद्धिमान तामाङले जलाशाययुक्त बूढीगण्डकी जलविद्युत् परियोजनाको काम तत्काल अगाडि बढाउन माग गरे। 'आयोजना निर्माण नहुँदा गोरखा र धादिङका जनताको आशामा तुसारापात मात्र भएको छैन, राष्ट्रको समृद्धिमा नै बाधा सिर्जना भएको छ', उनले भने । नेपालले नै सो आयोजना बनाउने भनिए पनि आयोजना सम्पन्न हुनेमा आशङ्का पैदा भएको उनले बताए । नेकपा एकीकृत समाजवादीका सांसद भानुभक्त जोशीले मिटरब्याजबाट पीडित समुदाय देशका विभिन्न भागबाट १३ दिन पैदलयात्रा गरेर काठमाडौं पुगेको भन्दै तत्काल उनीहरुको समस्या समाधान गर्न सरकारसँग आग्रह गरे । 'मिटरब्याज पीडितका समस्या समाधान गरेर उनीहरुलाई जतिसक्दो चाँडो घर फर्कने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउँछु', उनले भने ।

जनमत पार्टीका सांसद अनिता देवीले मिटरब्याज पीडित सरकारसँग न्याय माग्न काठमाडौं आएको भन्दै तत्काल उनीहरुको समस्या समाधान गर्न ध्यानाकर्षण गराइन् । 'नागरिक बाध्यताले मिटर ब्याजमा पैसा लिन बाध्य भएका हुन्, मिटरब्याजीलाई तत्काल कारबाही गर्नुपर्छ', उनले भनिन् ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरी मिटरब्याजले पारेको प्रभावका बारेमा वर्तमान संसद् सुरु हुने बित्तिकै आफूले त्यससम्बन्धी विषय सदनमा उठाएको र अहिले सदन तथा सरकारको ध्यान गएको बताए । 'पीडित ठाउँठाउँबाट आउने क्रम बढेको छ, प्रधानमन्त्रीबाट पनि समस्या समाधान गर्ने प्रतिबद्धता आएको छ, समस्या समाधान गर्न सरकार गम्भीर बन्नुपर्छ', उनले भने ।

नागरिक उन्मुक्ति पार्टीका सांसद रञ्जीता श्रेष्ठले विलम्ब नगरी मिटरब्याजीविरुद्ध कानुन निर्माण गर्न माग गरिन्। उनले पीडितलाई न्याय दिलाउन कुनै कन्जुस्याइँ नगर्न आग्रह गरिन् । स्वतन्त्र सांसद योगेन्द्र मण्डलले मिटरब्याजीलाई सरकारले कारबाही गर्नुपर्ने बताए ।

उनले मल, बीउलगायत किसानका समस्या समाधान गर्न माग गरे। एमाले सांसद महेशकुमार बर्तौलाले 'एक पालिका, एक आवसीय विद्यालय'को सुनिश्चिता गर्न सरकारको ध्यानकर्षण गराए । उनले दिवा खाजा कार्यक्रमलाई कक्षा १० सम्म विस्तार गर्न र सामुदायिक विद्यालय मात्र नभई सरकारसँग स्वीकृति लिएर अध्यापन गराउने मदरसा र गुम्बामा पनि खाजा कार्यक्रम विस्तार गर्न माग गरे

माओवादी केन्द्रका सांसद रामकुमार राईले कोशी प्रदेशको नामकरणपछि पहिचान पक्षधरले शान्तिपूर्ण आन्दोलन गर्दा मृत्युवरण गरेका पदम लिम्बूलाई सहिद घोषणा र क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गराए । कोशी प्रदेशमा भइरहेको शान्तिपूर्ण आन्दोलनमा बल प्रयोग गरिएको भन्दै उनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरे । रास्वपाका सांसद गणेश पराजुलीले अस्वभाविकरुपमा बढेको बैंकको ब्याजदरका कारण समग्र अर्थव्यस्थालाई असर गरेको भन्दै बैंक तथा वित्तीय क्षेत्रमा देखिएका समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले वीरगञ्जस्थित नारायणी अस्पतालमा देखिएको जनशक्तिको अभाव पूर्ति गर्न सरकारसँग माग गरे । 'अस्पतालको भवन जीर्ण छ, अस्पतालमा दरबन्दी र उपकरणको व्यवस्था होस्', उनले भने । एमाले सांसद लालप्रसाद साँवा लिम्बूले मुलुकको आर्थिक अवस्था सुधारमा ध्यान दिन सरकारको ध्यानाकृष्ट गरे ।

*(अनलाइनखबरबाट)*

# तीन वर्षपछि रसुवागढी नाकाबाट मान्छेको आवागमन खुला गरिँदै

काठमाडौं/चीनले १८ चैतदेखि रसुवागढी नाकाबाट स्थलमार्ग हुँदौ पर्यटक आवागमन खुला गर्ने भएको छ । कोभिड-१९ महामारीका कारण नेपाल सरकारले ११ चैत २०७६ मा सबै अन्तर्राष्ट्रिय नाका बन्द गर्ने घोषणा गरेको थियो । त्यसयता ३ वर्ष ४ दिनदेखि मानव आवागमन हुन नसकेको सो नाका खुलाउन चिनियाँ पक्षले केहीदिन अघि नेपाल सरकारलाई जानकारी गराएको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार नेपाल-चीन द्विपक्षीय वाणिज्य तथा व्यापार क्षेत्रलाई सहजीकरण गर्न गठन भएको सचिवस्तरीय संयन्त्रको पहिलो बैठक बुधबारदेखि ल्हासामा सुरु भएको छ ।

बिहीबार सकिने सो बैठकपछि चिनियाँ पक्षले यसबारे औपचारिक घोषणा गर्न लागेको छ । बैठक लगत्तै नेपाली सो टोली शुक्रबार केरुङ जाने र त्यहाँबाट शनिबार र सुवागढी आइपुग्ने कार्यतालिका तय भएको छ । 'नेपालबाट तिब्बत पुगेका सचिव मरासिनी नेतृत्वको ६ सदस्सीय टोली शनिबार बिहान ८ बजे स्थलमार्ग हुँदै रसुवागढी नाका आउने र त्यहाँ हुने औपचारिक कार्यक्रममा सहभागी हुने कार्यक्रम तय भएको छ,' मन्त्रलय स्रोतले भन्यो, 'चिनियाँ पक्षले औपचारिक कार्यक्रम गरेर नाकाबाट पर्यटन गतिविधि खुल्ला गर्ने घोषणा गर्न लागेको छ ।'

नेपालबाट सोमबार ल्हासा गएको टोलीमा सचिव मरासिनी, मन्त्रालय सहसचिव नारायणप्रसाद रेग्मी र भन्सार विभागका महानिर्देशक चक्रबहादुर बुढासहित ६ सदस्य सहभागी छन् । १ अप्रिलदेखि नाका खुलाउनका लागि तयारी गर्न चिनियाँ पक्षबाट अनौपचारिक जानकारी आएको रसुवा भन्सार कार्यालयले पनि पुष्टि गरेको छ । ठूलै कार्यक्रम गरेर नाकाबाट पर्यटक गतिविधि सञ्चालन गर्ने गरी चिनियाँ पक्षबाट चासो व्यक्त भएको रसुवाका प्रमुख भन्सार प्रशासक नारायणप्रसाद भण्डारीले बताए ।

'अप्रिल एकबाट स्थलमार्ग भएर मानविय आवाजावतको अनुमति दिनेगरी तयारी भइरहेको चिनियाँ समकक्षीले अनौपचारिक रुपमा बताएका छन्,' भण्डारीले भने, 'चिनियाँ पक्षले नेपालबाट शुक्रबार कति मात्रामा लोडेड तथा अनलोड ट्रक केरुङ आउँछ भनेर पनि चासो देखाएका छन् तर औपचारिक चिठ्ठी आएको छैन ।'

भण्डारीकाअनुसार चिनियाँकै चासो बमोजिम सो दिन व्यवसायीहरुसँगको छलफलमा २५ वटा लोडेड ट्रक र ७५ वटा खाली कन्टेनर केरुङ जाने अवस्थामा रहेको जानकारी चिनियाँ पक्षलाई गराइएको छ । चीनले खुला गर्ने नाका चिनियाँ आवाजावतका लागि मात्रै हुन्छकि नेपाली पनि जान सक्ने के हुन्छ भन्ने भने खुलिसकेको छैन ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# सहकारी दिवस मनाउन विभिन्न समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ 'सहकारीको दिगोपन, स्वनियमन र सुशासन' भन्ने नाराका साथ ६६ औं सहकारी दिवस विभिन्न कार्यक्रम गरी हरेक बर्ष झैं यसवर्ष पनि भव्य रुपमा मनाइने भएको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन भइसकेको छ । समितिले बागमती प्रदेशभरका सहकारी संघ संस्थाहरुले सहकारी दिवसलाई प्रभावकारी रुपले सञ्चालन गर्न निर्देशन समेत दिएको छ ।



सहकारी दिवस मनाउने क्रममा चैत १५ गतेदेखि यसबर्षको नारा 'सहकारीको दिगोपन, स्वनियमन र सुशासन' उल्लेख गरी सहकारीको कार्यालयमा सहकारी दिवसको ब्यानर राख्ने, सामाजिक संजालमा शुभकामना आदानप्रदान गर्ने, संचार माध्यममा बर्तमान अवस्थामा सहकारीको अवसर चुनौती बिषयमा लेख अन्तर्वार्ता प्रकाशन, प्रशारण गर्ने, चैत १८ गते रक्तदान कार्यक्रम गर्ने, १९ गते मानबसेवा आश्रम हेटौंडामा खाद्यान्न बितरण गर्ने, २० गते भुटनदेबी मावि हेटौंडाको चौरबाट प्रभातफेरी र्‍यालीसहित बजार परिक्रमा गरी पल्पसा हलमा प्रवचन, पुरस्कार वितरण गर्ने र २० गते साँझ प्रदेश भरका सहकारी संघसंस्थाको कार्यालयमा दीपप्रज्वलनसहित सहकारी दिवसको समापन गर्ने कार्यक्रम रहेको मूल कार्यक्रम संयोजक देवकोटाले बताए ।

बुधबार हेटौंडामा भएको ६६ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको सचिवालय बैठकले सहकारी दिवस भव्यताका साथ मनाउन विभिन्न समितिको गठन गरेको छ । १८ गते बुद्धचोकमा हुने रक्तदान कार्यक्रमको संयोजन गर्नको लागि जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडा, राष्ट्रिय सहकारी बैंक हेटौंडालाई जिम्मेवारी तोकिएको छ । यसैगरी १९ गते मानबसेवा आश्रम हेटौंडामा खाद्यान्न वितरणको लागि मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, कृषि सहकारी संघ मकवानपुरलाई जिम्मेवारी तोकिएको छ ।

मकवानपुर जिल्लाका विषयगत सहकारी संघहरुले उपलब्ध गराउने स्वयंसेवकको संयोजन गर्ने गरी जिल्ला बहुउद्देश्यीय सहकारी संघका ब्यवस्थापक महेश अधिकारी संयोजक रहनेगरी स्वयंसेवक ब्यवस्थापन समिति गठन गरेको छ । साथै जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका ब्यवस्थापक सुमित्राकुमारी वाईबाको संयोजकत्वमा मकवानपुर जिल्लाका विषयगत सहकारी संघहरुका ब्यवस्थापकहरु रहने गरी मूल समारोहको मञ्च ब्यवस्थापन समिति गठन गरिएको छ । सहकारी दिवसको मूल कार्यक्रम प्रभातफेरी र्‍याली सहितको प्रवचन कार्यक्रमको मूल्यांकन गर्न वीरेन्द्रप्रसाद ढुंगानाको संयोजकत्वमा पुरुषोत्तम मिश्र, हिमप्रसाद पौडेल, बिमला कार्की, शर्मिला महत सदस्य रहनेगरी मूल्यांकन समिति गठन गरेको छ ।

बैठकले सहकारी दिवसको प्रचारप्रसारको लागि राजकुमार केसीलाई प्रेस संयोजकको जिम्मेवारी दिएको छ । सहकारी दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने मूल समारोह समिति कार्यालय सचिव गोबिन्द दाहालले जानकारी दिए ।

# बागमतीका सरकारी कार्यालयमा विद्युतीय हाजिरी

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/बागमती प्रदेश सरकारले १३ वटै जिल्लाका सरकारी कार्यालयहरुमा विद्युतीय हाजिरी गर्ने निर्णय गरेको छ ।

बुधवार हेटौंडामा बसेको मन्त्रिपरिषद् बैठकले २०८० बैसाख १ गतेबाट बागमती प्रदेश सरकार मातहतका सरकारी कार्यालयहरुमा विद्युतीय हाजिरी लागू गर्ने निर्णय गरेको हो । प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठलाई दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । नेकपा एमाले सरकारबाट बाहिरिएपछि बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले श्रेष्ठलाई जिम्मेवारी दिएको हो । यसअघि सरकारको प्रवक्तामा एमालेबाट आर्थिक मामिला तथा योजनामन्त्री बनेका जगन्नाथ थपलिया थिए । बैठकले प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षमा सिन्धुलीका प्राध्यपक डा. नरविक्रम थापालाई नियुक्त गरेको छ । बैठकले चेपाङ समुदायका न्वागी र माझी समुदायका लदी पर्वमा समुदायगत विदा दिने निर्णय पनि गरेको छ ।




# जिससद्वारा बागमती गाउँपालिकाको अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले जिल्लाको पूर्वी क्षेत्रमा पर्ने बागमती गाउँपालिकाको अनुगमन गरेको छ ।

जिससको दोस्रो चौमासिक अनुगमन अन्तर्गत् स्थानीय तहको वार्षिक योजना प्रगति, आर्थिक सामाजिक, पूर्वाधारलगायतको प्रगति, सुशासनको अवस्था, समन्वय तथा सहजिकरणलगायत क्षेत्रमा भए/गरेका कार्यहरुको नियमित अनुगमन गर्ने क्रममा बागमती गाउँपालिकाको अनुगमन गरेको हो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको नेतृत्वमा गएको अनुगमन टोलीले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलगायतसँग हालसम्मको समग्र प्रगतिको अवस्थाका विषयमा जानकारी लिनुका साथै आयोजनाको स्थलगत अनुगमन गरिएको थियो ।

अनुगमन टोलीलाई गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिना, प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले गाउँपालिकाले हालसम्म गरेका कामको बारेमा जानकारी गराएका थिए । यस्तै जिल्ला शिक्षा समितिका अध्यक्ष समेत रहेका जिसस प्रमुख घलानसहित अनुगमन टोलीले बागमती गाउँपालिका-१ माझगाउँस्थित सूर्य माविमा सञ्चालित वार्षिक परीक्षाको समेत अनुगमन गरेको थियो ।

बागमती गाउँपालिकामा सञ्चालित रामनवमी मेला अवलोकन पनि गरिएको छ । अनुगमनमा जिसस सदस्यहरु विष्णुमाया थपलिया, तारा ढुंगाना, समन्वय अधिकारी बासुदेव खतिवडा, नायबसुब्बा उपेन्द्रनाथ पोखरेल लगायतको सहभागिता थियो ।

# नयाँ भवन बनाउँदै गरिबी निवारण सहकारी

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/हेटौंडा उपमहानगरपालिका-६ हात्तिलेटमा रहेको गरिबी निवारण बचत तथा ऋण सहकारी संस्थाको भवन शिलान्यास भएको छ ।

नेपाली कांग्रेसस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले भवनको शिलान्यास गरेका हुन् । हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा कार्यालयमार्फत् विनियोजन भएको ७ लाख रुपैयाँ बजेटबाट भवन बनाउन लागिएको संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटाले जानकारी दिए । भवनको सिलान्यास गर्दै नेता बानियाँले छरिएर रहेको पूँजीलाई एकीकृत गरी हुनेको बचत गर्ने र नहुनेलाई ऋण लगानी गर्ने काम सहकारीले गरेको बताए । अर्थतन्त्रको खम्बामध्ये सहकारी संस्था पनि एक खम्बा भएकाले दिगो विकासको लक्ष्य प्राप्त गर्न सहकारी संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेको बताए ।



सहकारी संस्थालाई आगामी दिनमा पनि सहयोग गर्दै भवन निर्माणको क्रममा सकेको सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । सहकारी संस्थाले ३ तले भवन बनाउन लागेको सहकारी संस्थाका उपाध्यक्ष रिपुप्रसाद गौतमले जानकारी दिए । भवन शिलान्यास कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालले आगामी दिनमा पनि सहकारी संस्थालाई सहयोगको लागि वडाकार्यालय तयार रहेको बताए । कार्यक्रममा हेटौंडा- ६ का वडासदस्य विजय पौडेल, लेखराज ढकाल, सहकारीका निर्वतमान अध्यक्ष पुष्पराज पराजुलीलगायत संस्थाका सञ्चालक समितिका पदाधिकारी र शेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

**आवश्यकता**

यस कम्पनीको लागी कर्मचारी आवश्यक रहेको हुँदा निम्न लिखित योग्यता भएका व्यक्तिहरुलाई प्रथम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजपत्र सहित दर खास्त आव्हान गरिएको छ ।

**तपशिल**

१) पद : सहायक लेखापाल
२) योग्यता : प्रविणता प्रमाणपत्र (व्यवस्थापन)
३) अनुभव : लेखा सम्बन्धि अनुभव भएको । नेपाली टाईप गर्न जान्ने । मोटरसाईकल चालक अनुमति पत्र भएको ।
४) तलब : आपसी सहमति अनुसार ।

**नारायणी यातायात व्यवसायी कम्पनी प्रा. लि.**
हेटौंडा-११, थानाभऱ्याङ्ग
०५७-५२२६७०

**पसल बिक्रीमा**


हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८१३३२१२२**

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

